नेपाल राष्ट्र बैंक

प्रेस समाचार

# तरलता व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व र वित्तीय पहुँच अभिवृद्धि मुख्य लक्ष्य

(गभर्नर डा. खतिवडाद्वारा आर्थिक वर्ष २०७१/७२ को मौद्रिक नीति सार्वजनिक)

गभर्नर डा. युवराज खतिवडाले आर्थिक वर्ष २०७१/७२ को लागि तर्जुमा गरिएको मौद्रिक नीति आज २०७१ साल साउन २ गते सार्वजनिक गर्नभयो । केन्द्रीय कार्यालय बालुवाटारमा आयोजित विशेष समारोहमा उक्त मौद्रिक नीति सार्वजनिक गर्दै गभर्नर डा. खतिवडाले समष्टिगत माग पक्षबाट सृजना हुने मुद्रास्फीतिलाई नियन्त्रण गर्ने, बाह्य क्षेत्र सन्तुलन कायम राख्ने तथा वित्तीय क्षेत्र स्थायित्व कायम गर्नुका साथै, उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह गर्ने तथा वित्तीय सेवाको विस्तार र वित्तीय समावेशीकरणलाई अभिवृद्धि गर्नेतर्फ मौद्रिक नीतिको जोड रहेको जानकारी दिनुभयो ।




वर्तमान आर्थिक स्थितिका बारेमा सङ्क्षिप्त प्रकाश पार्दै उहाँले बैकिङ्ग क्षेत्रमा लामो समयसम्म उच्च तरलताको अवस्था विद्यमान रहिरहेको र यसले मूल्य, बाह्य क्षेत्र एवम् वित्तीय क्षेत्रको स्थायित्वमा नकारात्मक असर पार्न सक्ने सम्भावनालाई ध्यानमा राखी मौद्रिक नीतिको कार्यदिशालाई केही कसिलो तुल्याइएको स्पष्ट पार्नुभयो ।

मौद्रिक नीतिमा मुद्रास्फीति दरलाई वार्षिक औसत ८ प्रतिशत कायम राखी कम्तीमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने र ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सघाउ पुऱ्याउन आवश्यक मौद्रिक तरलता व्यवस्थापन गर्ने मौद्रिक नीतिको लक्ष्य रहेको उल्लेख गर्नुभयो ।

उहाँले बैंक तथा वित्तीय संस्थाहरूले कायम गर्नुपर्ने विद्यमान अनिवार्य नगद अनुपातलाई “क” वर्गको लागि ६.० प्रतिशत, “ख” वर्गको लागि ५.० प्रतिशत र “ग” वर्गको लागि ४.० प्रतिशत कायम गरिएको जानकारी दिनुभयो ।

सार्वजनिक गरिएको मौद्रिक नीतिमा कृषि, जलविद्युत्, पशुपंक्षी एवम् मत्स्यपालन व्यवसाय र तोकिएका अन्य उत्पादनशील क्षेत्रको लागि कायम रहेको पुनरकर्जा दर ५.० प्रतिशतबाट घटाएर ४.० प्रतिशत कायम गरिने तथा अन्य पुनरकर्जा दरहरू यथावत राखिएको छ ।

मौद्रिक नीतिमा दीर्घकालीन प्रकृतिको तरलता व्यवस्थापन गर्न र मौद्रिक नीतिको कार्यदिशाको सङ्केत दिन आवश्यकता अनुसार संरचनात्मक खुला बजार कारोबार गरिने उल्लेख छ । संरचनात्मक खुला बजार कारोबारको लागि सोझै खरिद/बिक्री बोलकबोल र आवश्यकतानुसार बढीमा ६ महिनासम्मको लागि रिपो/रिभर्स रिपो बोलकबोल उपकरण प्रयोग गरिने, यसका अतिरिक्त आवश्यक परेको खण्डमा नेपाल राष्ट्र बैंक ऋणपत्र जारी गरिने, यस आर्थिक वर्षमा Payment System Development Strategy जारी भएपछि RTGS कार्यान्वयनमा आउने गरी आवश्यक व्यवस्था मिलाइने, द्वन्द्वका बेला बन्द गरिएका बैंकका शाखाहरू यसै आर्थिक वर्षको अन्त्यसम्ममा पुनर्स्थापना गर्ने व्यवस्था मिलाइने, वित्तीय समावेशीकरण एवम् वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्न यस बैंकले अघि सारेका कार्यक्रमहरूसँगै बैंक तथा वित्तीय संस्थाका ग्रामीण शाखाहरूलाई समेत वित्तीय साक्षरता एवम् सचेतना अभिवृद्धि गर्ने कार्यमा प्रोत्साहित गरिने, वाणिज्य बैंकहरूले २०७२ असार मसान्तसम्ममा आफ्नो कुल कर्जाको २० प्रतिशत उत्पादनशील क्षेत्रमा र यस अन्तर्गत कृषि तथा ऊर्जा क्षेत्रमा कम्तीमा १२ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने

व्यवस्थालाई कायमै राखिएको तथा २०७३ असार मसान्तसम्ममा विकास बैंक र वित्त कम्पनीहरूले समेत तोकिएका उत्पादनशील क्षेत्रमा कुल कर्जाको क्रमशः १५ प्रतिशत र १० प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था गरिने उल्लेख गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूमा अध्यक्ष, सञ्चालक, प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत समेतका पदाधिकारीहरू लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन नसक्ने व्यवस्था बैंकहरू आफैले गरी नेपाल राष्ट्र बैंकलाई जानकारी गराउनु पर्ने व्यवस्था गरिने, वाणिज्य बैंकहरूमा रहेका SME Desk लाई Proactive तुल्याई यस क्षेत्रमा सेवा प्रवाहलाई प्रभावकारी तुल्याइने घरेलु तथा साना व्यवसायहरूलाई प्रोत्साहन गर्न सञ्चालन भइरहेका व्यवसायलाई वार्षिक कारोबारको सामर्थ्यका आधारमा रु. १० लाखसम्म र नयाँ व्यवसाय खोल्न रु. ५ लाखसम्म बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा प्रवाह हुने व्यवस्था गरिने उल्लेख गरिएको छ ।

बैंक तथा वित्तीय संस्था नभएका स्थानमा लघुवित्त संस्थाहरूबाट स्वीकारयोग्य धितो लिई समूहमा आबद्ध भएका तथा नभएका सबैलाई लघु उद्यम सञ्चालन गर्न रु. ५ लाखसम्म कर्जा प्रदान गर्ने व्यवस्था गरिने, वित्तीय सेवाको पहुँच कम रहेका तोकिएका जिल्लाहरूमा “घ” वर्गका लघुवित्त संस्थाहरूले नयाँ शाखा खोल्दा यस बैंकबाट निश्चित अवधिको लागि शून्य ब्याजदरमा उपलब्ध गराइने सापटी रु. २० लाखबाट बढाई रु. ३० लाखसम्म कायम गरिने, बैंक तथा वित्तीय संस्थाबाट विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यलाई सामूहिक जमानीमा प्रदान गरिने कर्जाको सीमा रु. १ लाख ५० हजारबाट वृद्धि गरी रु. २ लाख पुर्‍याइने, धितो लिई प्रदान गरिने लघुउद्यम कर्जाको सीमा रु. ४ लाखबाट वृद्धि गरी रु. ५ लाख कायम गरिने पनि मौद्रिक नीतिमा उल्लेख गरिएको छ । यसै गरी बैंक तथा वित्तीय संस्थाहरूबाट महिलाहरूद्वारा प्रवर्द्धित लघुउद्यमको लागि सम्बन्धित परियोजना धितोमा प्रवाह हुने रु. ७ लाखसम्मको परियोजना कर्जालाई विपन्न वर्ग कर्जामा गणना गरिने, बचत तथा ऋण सहकारी संस्थाहरूलाई बलियो सुपरिवेक्षकीय दायराभित्र ल्याई वित्तीय स्थायित्व कायम गर्नका लागि नियामक निकायलाई आवश्यक सहयोग पुर्‍याउन सहकार्य गरिने पनि उल्लेख गरिएको छ ।

यसैगरी भारतबाट भित्रिने विप्रेषण प्रणालीमा रहेका विद्यमान कठिनाइहरू कुटनैतिक तथा केन्द्रीय बैंकको तहमा समाधान गर्दै भारतबाट विप्रेषण भित्र्याउने कार्यलाई सरल र सहज बनाइने, परिवर्त्य विदेशी मुद्रामा खाता हुने नेपालीले आफ्नो खाताबाट वस्तु तथा सेवा खरिद गर्ने प्रयोजनका लागि वार्षिक अमेरिकी डलर १०,००० सम्म भुक्तानी दिन सक्ने, चीनसँग हुने आयात/निर्यात व्यापारको लागि वाणिज्य बैंकहरूमार्फत् हुने भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न चीनको विभिन्न स्थानमा रहेका वाणिज्य बैंकहरूमार्फत् बैंकिङ्ग कारोबार गर्न सकिने व्यवस्था मिलाइने, भारत बाहेक तेस्रो मुलुकहरूबाट ड्राफ्ट, टी.टी. को माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ३५ हजार बराबरसम्मको भुक्तानी दिन पाइने व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ ।

अन्त्यमा, गभर्नर डा. खतिवडाले मुलुकको समष्टिगत आर्थिक स्थिति सन्तोषप्रद रहे तापनि अर्थतन्त्रमा केही अन्तरनिहित जोखिमहरू विद्यमान रहेको पृष्ठभूमिमा तर्जुमा गरिएको उक्त मौद्रिक नीति माग पक्षबाट मूल्य तथा बाह्य क्षेत्र स्थायित्वमा चाप पर्न नदिने र आपूर्तितर्फ उत्पादनशील क्षेत्रहरूमा जाने कर्जा प्रवाहलाई प्रोत्साहन गरी आर्थिक वृद्धिमा सहयोग पुर्‍याउने दिशामा उन्मुख रहेको उल्लेख गर्दै सो मौद्रिक नीति कार्यान्वयन गर्ने सिलसिलामा सदाझैं सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

मौद्रिक नीति सार्वजनिक कार्यक्रममा बैंक सञ्चालक समितिका सदस्यहरू, कार्यकारी निर्देशकहरू, अन्य नियामक निकायका प्रमुखहरू, उद्योगी, व्यवसायीहरू, बैंकर, पत्रकार तथा बैंकका उच्च पदाधिकारी लगायतको उपस्थिति रहेको थियो ।

२०७१ साउन २ गते, शुक्रवार

गभर्नरको कार्यालय